कुन कर्म अल्लाहलाई सबैभन्दा प्रिय छ? उहाँले जवाफ दिनुभयो: "समयमा नमाज पढ्नु ।" त्यसपछि के? उहाँले भन्नुभयो: "आमाबाबुसँग राम्रो व्यवहार गर्नु ।" त्यसपछि के? उहाँले जवाफ दिनुभयो: "अल्लाहको मार्गमा जिहाद (युद्ध) गर्नु

अब्दुल्लाह बिन मसऊद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, मैले नबी (सल्लल्लाहु अलैहि वसल्लम) लाई सोधें, कुन कर्म अल्लाहलाई सबैभन्दा प्रिय छ? उहाँले जवाफ
दिनुभयो: "समयमा नमाज पढ्नु ।" त्यसपछि के? उहाँले भन्नुभयो: "आमाबाबुसँग राम्रो व्यवहार गर्नु ।" त्यसपछि के? उहाँले जवाफ दिनुभयो: "अल्लाहको मार्गमा जिहाद (युद्ध) गर्नु ।" उनले भने : उहाँले मलाई यी कुराहरूको बारेमा बताउनुभयो । यदि मैले थप सोधेको भए, उहाँले अझ बढी बताउनुहुन्थ्यो । [सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) लाई सोधियो: अल्लाहलाई सबैभन्दा प्रिय कुन कर्म हो? उहाँले जवाफ दिनुभयो: शरियतले तोकेको समयमा फर्ज नमाज पढ्नु । त्यसपछि आमाबाबुको आदर गर्नु; उनीहरूसँग दयालु व्यवहार गर्ने, तिनीहरूको अधिकार पूरा गर्ने र तिनीहरूको अवज्ञाबाट बच्ने । त्यसपछि अल्लाहको वचनलाई उच्च पार्न, इस्लाम र मुस्लिमहरूको रक्षा गर्न र इस्लामिक शिआर (प्रतीक) हरूको सर्वोच्चता स्थापित गर्न आफ्नो जीउ-धन दुवैले अल्लाहको मार्गमा जिहाद गर्नु । अब्दुल्लाह बिन मसउद (रजियल्लाहु अन्हु) ले भने : उहाँले मलाई यी कार्यहरूको बारेमा बताउनुभयो; यदि मैले त्यसपछि के? सोधेको भए उहाँले मलाई थप कुरहरु बताउनुहुन्थ्यो ।

https://sunnah.global/hadeeth/ne/show/3365